कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर सल्यान

# सिलवन्दी बोलपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति: २०७५/०७/१६)

यस कार्यालयको आ.व. ०७५/०७६ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित निर्माण आयोजनाको निर्माण कार्य बोलपत्रको माध्यामद्धारा गर्नु पर्ने भएकोले इच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट निम्न शर्तको अधिनमा रही रीतपूर्वकको सिलवन्दी बोलपत्र आहृवान गरिएकोछ ।

**तपसिल :**

१) बोलपत्रसम्वन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित मितिले ३०औं दिनसम्म कार्यालय समय भित्र चालु आ.व.को लागि नविकरण भएको फर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र , स्थायी लेखा दर्ता प्रमाणपत्र , मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व.०७४।०७५ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी रु.१० को टिकट टांसी निवेदन दिई रु.३०००।- (पछि फिर्ता नहुने) राजस्व दस्तुर बुझाई यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएको बोलपत्र प्रष्टसँग भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी ,सिलवन्दी गरी खाम बाहिर फर्मको नाम ,ठेगाना र कामको विवरण प्रष्टसंग लेखी यस कार्यालयको नाममा सम्बोधन गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिउँसो २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३)बोलपत्र खरिद, दाखिला र खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो कार्य विदाको लगतै कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ

४) म्याद नाघी आएको , रीत नपुगेको वा शर्त राखिएको सिलवन्दी बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

५) सिलवन्दी बोलपत्रसाथ जमानत वापत तपसिलमा तोकिएको रकम कुमाख गाउँपालिकाको नाममा ने.बै.लि.सल्यानमा रहेको धरौटी खाता नं. ०७४०३०००००००००३००००११ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तीमा १२० दिनसम्म मान्य अवधि भएको सक्कलै बैंक जमानीपत्र (**Bid bond**) पेश गर्नु पर्नेछ ।

६) बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

७) दररेट अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरबीच फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाँउमा बोलपत्रदाताको दस्तखत भएको हुनु पर्नेछ ।

८) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९) बोलपत्र दातालाई बोलपत्र पेश गर्नु अगाडि कामको स्थलगत भ्रमण गरी कामको बारेमा जानकारी लिन अनुरोध गरिएको छ ।

१०)कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. कार्यालयले आवश्यक देखेमा बोलपत्र बुझाउने र खोल्ने म्याद आवश्यकता अनुसार बढाउन सक्नेछ र सोको जानकारी सुचनामा प्रकाशित गरिनेछ ।

१२. सम्पूर्ण बोलपत्रदाताहरुलाई टेण्डर डकुमेन्ट विस्तृतरुपमा अध्यन गर्नुभई सोको आधारमा मात्र बोलपत्र दाखिला गर्नु हुन सूचित गरिन्छ ।

१३. बोलपत्र सम्वन्धी थप कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ र यो सूचना कार्यालयको आधिकारिक वेवसाईट **www.kumakhmalikamun.gov.np** मा हेर्न सकिनेछ ।

१४) सुचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४ बमोजिम हुनेछ

**कामको विवरण र विडवन्ड रकम :-**

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | ल.ई.रकम ( कन्टेन्जेन्सी र मू.अ.कर बाहेक) रु. | जमानत रकम |
|---|---|---|---|---|
| १. | KRM-NCB-01-075.076 | चिसापानी देखि बुरेलीखोला सडक स्तरउन्नोन्ति कार्य | ४९,२०,०००।०० | १,२३,०००।०० |
| २. | KRM-NCB-02-075.076 | जिमाली वडा कार्यालय हुँदै पाटगारे कल्ले सडक स्तरउन्नोति र नयाँ ट्र्याक खोल्ने कार्य | २६,२४,०००।०० | ६५६००।०० |
| ३. | KRM-NCB-03-075.076 | तडमारा देखि झारकाँडा सम्मको सडक स्तरउन्नोति कार्य | २४,६०,०००।०० | ६१५००।०० |

............ ७५।७।१६

(विनोद अधिकारी)

नि. प्रमुख प्रशासकीय अधिकृत